आज मिति २०८१ साल जेठ महिनाको १५ गतेका दिन विहान ८:०० बजे यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख **श्री चेतराज बजाल** ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णय पारित गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन बहादुर सिंह | नगर उप-प्रमुख | |
| ३ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | कलक बहादुर खड्का | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | गंग बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | प्रेम बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | गोपाल बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | उत्तरा कुइकेल खड्का | महिला सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | कमला कुमारी कामी | महिला सदस्य | |
| १९ | धर्मराज रसाईली | कार्यपालिका सदस्य | |
| २० | लाल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | लोकेन्द्र वि.क. | कार्यपालिका सदस्य | |
| २२ | अम्मरराज जोशी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २३. | निरज प्रसाद रेग्मी | शिक्षा अधिकृत | |
| २४. | सुमन बोगटी | सू.प्र.अ. | |
| २५. | कृष्ण प्रसाद जोशी | पं.ले.पा. | |

२६ तेज बहादुर सिंह - क.अ. [signature]
२८ दीपेन्द्रप्रसाद जोशी (प्रमुख प्रशासकीय अधिकृत) [signature]

मिति २०८१।०२।१५ गतेको कार्यपालिकाको बैठकको निर्णय

प्रस्ताव

1. बस्ती टोल स्तरबाट योजना छनौट तथा प्राथमिकरण
2. बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन स्वीकृत सम्बन्धमा
3. संगठन तथा व्यवस्थापन सर्भे र मध्यकालिन खर्च संरचना तयार गर्ने बजेट विनियोजन सम्बन्धमा
4. रकमान्तर सम्बन्धमा
5. भूमी वर्गिकरण प्रतिवेदन पारित गर्ने सम्बन्धमा
6. सार्वजनिक जग्गा लिजमा लिने सम्बन्धमा
7. स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा

<u>निर्णय नं. १</u>

प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकाका सवै वडाहरुले बस्ती/टोल स्तरबाट मिति २०८१।०२।२० गते भित्र योजना छनौट गरी मिति २०८१।०२।२५ गते भित्र वडा तहमा योजना छनौट तथा प्राथमिकरण गरी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिसक्ने सर्वसम्मत निर्णय पारित गरियो ।

<u>निर्णय नं. २</u>

प्रस्ताव नं २ माथि छलफल गर्दा जयपृथ्वी नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि तयार गरिएको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, २०८१ लाई सर्वसम्मतले स्वीकृत गर्ने निर्णय पारित गरियो ।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं ३ माथि छलफल गर्दा पानी प्रशोधन परियोजना अध्ययन अनुसन्धान शीर्षक नं ३११५६ मा बिनियोजन भएको रकम मध्येवाट खर्च हुने गरी संगठन तथा व्यवस्थापन सर्भेको लागि रु ४०००००।-र मध्यकालिन खर्च संरचना निर्माणको लागि रु ४०००००।-विनियोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं ४ माथि छलफल गर्दा गज्जडा हुदै ऋषिकुण्ड गोरेपाटन पर्यटकीय सडक खण्डको लागि छुट्याइएको रु ३७०००००। समपुरक (म्याचिङ) रकमलाई तपसिल बमोजिमको शीर्षकमा बिनियोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

| | |
|---|---|
| १. इन्धन कार्यालय प्रयोजन | रु १५०००००। |
| २. खारावगर सिंचाइ कुलो निर्माण जनपा ८ | रु ३०००००। |
| ३. सवारी साधन मर्मत | रु ९०००००। |

Scanned with CamScanner

४. बेताल आ.वि. वाल निर्माण रु १००००००।

निर्णय नं. ५

आर्थिक वर्ष २०८०।०८१ मा विनियोजन भएका तपसिल बमोजिमका शीर्षकहरुको रकम रकमान्तर गर्ने निर्णय पारित गरियो ।

तपसिल

| २०८०।०८१ मा विनियोजित योजनाको नाम | बजेट | रकमान्तर गरेको योजनाको नाम | बजेट |
|---|---|---|---|
| लाछ्यापानी नाउला देखि गड्डुल सम्म बाटो निर्माण वडा नं ४ | १०००००। | बालविकास माध्यमिक विद्यालय व्यवस्थापन जनपा ४ | २५००००। |
| विउराडी सामुदायिक भवन निर्माण वडा नं ४ | १५००००। | | |
| देवस्थली आ.वि. फिल्ड निर्माण वडा नं ७ | ३५००००। | देवस्थली आ.वि. फिल्ड निर्माण तथा विद्यालय व्यवस्थापन वडा नं ७ | ३५००००। |

निर्णय नं. ६

यस जयपृथ्वी नगरपालिका अन्तर्गत चिलिमे सेती जलविद्युत कम्पनीद्वारा निर्माण गर्न लागिएको सेती नदी-३ जलविद्युत आयोजनाको लागि यस नगरपालिका अन्तर्गत भएर बग्ने सेती नदी किनारका आसपासका सरकारी तथा सार्वजनिक जग्गाहरुको लिजमा लिन सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ७ को उपदफा १(ङ) बमोजिम लिजमा उपलब्ध गराउने सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं.७

जयपृथ्वी नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण समितिले निर्माण गरेको कक्षा ६ देखि ८ को पाठ्यक्रम लाइ विषयगतरुपमा छलफल गरी शैक्षिक शर्त २०८१ देखि कार्यान्वयनका लागि स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

२०८१।०२।१५